# विद्यावारिधि अध्ययनका लागि आवेदन खुल्ला गरिएको

## सूचना

मिति : २०८०।०२।२९

मानविकी तथा सामाजिक शास्त्र संकाय
डीनको कार्यालय
त्रि. वि., कीर्तिपुर

मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत विद्यावारिधि तहमा भर्नाका लागि तपसिल अनुसार योग्यता पुगेकाहरुका लागि २०८० साउने सत्रमा आवेदन खुल्ला गरिएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । आवेदन फाराम मिति २०८०।०२।२९ गतेदेखि २०८०।०३।२६ गतेसम्म र दोब्बर दस्तुर सहित मिति २०८०।०३।२८ गतेसम्म पेस गर्न सकिने छ ।

१. आवेदकहरूले एमफिल तह उत्तीर्ण गरी एमफिल तहमा कम्तीमा CGPA 3.0 वा द्वितीय श्रेणी प्राप्त गरेको हुनुपर्ने छ ।
२. एमफिल तहमा उत्तीर्ण गरेको विषयमा मात्र विद्यावारिधि तहमा आवेदन दिन पाइनेछ ।
३. आवेदन फारामसँग एस.एल.सी. देखि एमफिल तहसम्मको सम्पूर्ण प्रमाणपत्र तथा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुपर्ने छ । त्रि.वि.को स्थायी शिक्षक भए स्थायी नियुक्तिको प्रमाण पत्र पेस गर्नुपर्ने छ ।
४. त्रि.वि. भन्दा अन्य विश्वविद्यालयबाट एमफिल उत्तीर्ण गरेका आवेदकहरूले सो तहको समकक्षताको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।
५. डीन कार्यालयले तोकिएको ढाँचामा शोध प्रस्ताव, एमफिल तहको शोधप्रबन्धको सारांश र आफूले लेखेको लेख (Peer-reviewed article with single author) तीन वटा फाइलमा एक-एक प्रति संलग्न गरी बुझाउनु पर्ने छ । साथै पेस गरेको शोध प्रस्तावको softcopy (word file), लेख र प्रकाशित भएको जर्नलको आवरण पृष्ठ तथा विषय सूचि सहितको स्क्यान कपि (scan copy) बुझाउनु पर्ने छ ।
६. रीत नपुगी प्राप्त आवेदन स्वत: रद्द हुनेछ तथा यसमा शङ्कायको कुनै जवाफदेहिता हुने छैन ।
७. उल्लिखित विषय बाहेकका विषयहरूमा विद्यावारिधि तहको अनुसन्धानमा सामेल हुन चाहने एमफिल वा सो सरहको परीक्षा उत्तीर्ण गरेका स्वदेशी तथा विदेशी उम्मेदवारहरूले डीन कार्यालय र सम्बन्धित केन्द्रीय विभाग/ विभागसँग परामर्श गरी **"दर्शनाचार्य तथा विद्यावारिधि कायक्रम सञ्चालन कार्यविधि २०७७"** को अधीनमा रही आवेदन दिन सक्ने छन् ।
८. आवेदकले डीन कार्यालयको ने.बै.लि., कीर्तिपुर शाखामा रहेको खाता नं. ०४५००१०००९०४५०००००१ मा रू १५,०००/- ( अक्षरुपी रु. पन्ध्र हजार मात्र । ) बुझाएको बैंक भौचर आवेदनसाथ पेश गर्नुपर्ने छ ।

सहायक डीन

मानविकी तथा सामाजिक शास्त्र संकाय
डीनको कार्यालय
त्रि. वि., कीर्तिपुर

**नोट:** अन्य जानकारीका लागि डीन कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध छ । भर्ना लगायत अन्य कुराहरूको जानकारी अर्को सूचनाद्वारा अवगत गराइने छ ।